नेपाल सरकार

गृह मन्त्रालय

**कारागार व्यवस्थापन विभाग,**

**कालिकास्थान,**

**काठमाडौं, नेपाल**

(बन्दी प्रशासन शाखा)

पत्र संख्या : ०७१/७२

च.नं. : २४४५

फोनः ४४४४५५२

फ्याक्सः ४४४४५५३

मिति :- २०७२।०२।०१

**विषय :- सिफारिस गरी पठाउने सम्बन्धमा ।**

श्री कारागार कार्यालय,

सबै ।

"गत बैशाख १२ गते आएको महाभूकम्पबाट मुलुकका धेरै कारागार भवनहरुमा ठूलो क्षति पुऱ्याएको र केही कारागारमा कैदी बन्दीको मृत्यू समेत भएको छ । ठूलो भूकम्प पश्चात पराकम्पन आउने क्रम रोकिएको छैन । कारागारहरुमा भएको क्षति अनुसार तत्काले यी संरचनाहरु निर्माण हुनसक्ने अवस्थापनि नरहेको र वर्षादको मौसम निकट आइसकेकोले कैदी बन्दीहरुको सुरक्षामा गम्भीर चुनौती आइपरेको छ । यो विषम परिस्थितिमा मुलुकका बिभिन्न कारागारमा रहेका कैदी बन्दीहरुको सुरक्षामा विशेष ध्यान दिनुपर्ने अवस्था सृजना भएको छ । बिभिन्न मुद्दाहरुमा सजाय निर्धारण भइ कारागारमा कैद भुक्तान गरिरहेका कैदी बन्दीहरुको बाँकी कैद माफी मुल्तवी परिवर्तन वा सजाय कम गर्नका लागि कार्यान्वयनमा रहेको कार्यविधि २०७१ अनुसार सो कार्यविधिको अनुसूचीमा उल्लेखित कसूरहरुमा सजाय माफी मुल्तवी परिवर्तन वा कम गर्न नमिल्ने भए पनि हालको विषम परिस्थितिलाई ध्यानमा राखी असल चालचलन भएका र मुद्दाको अन्तिम टुङ्गो लागेका कारागार नियमावली २०२० को नियम २९ मा उल्लेख भएका अपराध र संगठित अपराध, शरीर बन्धक तथा अपहरण, बालवालिका विरुद्धको यौन हिंसा तथा शोषण तथा ठगी मुद्दाका कैदीहरु बाहेक ५० प्रतिशत कैद भुक्तान गरिसकेका कैदीहरुको बाँकी कैद माफी मिनाहाको लागि सिफारिस गरी पठाउनु हुन" भनि गृह मन्त्रालयको च.नं. ३०७ मिति २०७२।०२।०१ को पत्रद्वारा लेखी आएको हुँदा सो बमोजिम सिफारिस हुन बाँकी रहेका कैदी बन्दीको विवरण उक्त प्रयोजनका लागि ३ (तीन) दिन भित्र यस विभागमा आईपुग्ने गरी पठाउनु हुन अनुरोध छ ।

२०७२।२।१

(हिमनाथ दवाडी)

महा निर्देशक